# मनसुनजन्य घटनासहितको प्रतिवेदन

## २०८०








नेपाल सरकार

**गृह मन्त्रालय**

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।



## सन्देश

नेपालको भौगोलिक अवस्थिति, अव्यवस्थित पूर्वाधार विकास, बढ्दो शहरीकरण तथा जलवायु परिवर्तनका कारण हरेक वर्ष प्राकृतिक तथा गैर-प्राकृतिक विपद्को सामना गर्नु परिराखेको स्थिति छ। यस वर्ष पनि मनसुन अवधिमा बाढी, पहिरो, डुबान आदिबाट ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भएको छ। प्रत्येक वर्ष मनसुन अवधिमा मनसुनजन्य घटनाको कारण हुने असर र प्रभावलाई सम्बोधन गर्न मन्त्रालयले पूर्वतयारी तथा प्रतिकार्य, खोज, उद्धार तथा राहत वितरण लगायतका क्रियाकलापहरूको अद्यावधिक विवरण दैनिक रूपमा विपद् व्यवस्थापन पोर्टलमा समावेश गर्नुका साथै वार्षिक रूपमा प्रतिवेदन समेत प्रकाशन गर्दै आइरहेको छ।

मनसुनजन्य विपद्का घटना, उक्त घटनाहरूमा प्रतिकार्यका लागि गरिएको पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनर्स्थापना लगायतका कार्यमा गृह मन्त्रालय तथा अन्य निकायबाट भएका कामकारवाही, समन्वय, सहजीकरण र सहकार्यको अवस्था साथै समस्या, चुनौति र भावी कार्ययोजना समेत समावेश गरी **मनसुनजन्य विपद्को घटनासहितको प्रतिवेदन २०८०** तयार गरिएको छ।

मनसुनजन्य घटना अवधिभरलाई समेटी प्रकाशित गरिएको यो प्रतिवेदन विपद् सम्बन्धी जानकारी राख्न चाहने सबैलाई उपयोगी हुने समेत विश्वास लिएको छु। यस प्रतिवेदनको तयारीमा आधिकारिक तथ्याङ्क र सूचना उपलब्ध गराउनु हुने सबै निकाय तथा तयार गर्ने कार्यमा संलग्न हुनुहुने विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा (NEOC) मा कार्यरत सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

..................................
(एकनारायण अर्याल)
सचिव



## मन्तव्य

विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, जलवायु परिवर्तनका कारण हरेक वर्ष प्राकृतिक तथा गैर-प्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ। यस वर्ष पनि मनसुन अवधिमा बाढी, पहिरो, डुवान आदिबाट ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भएको छ। विपद् प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा रहने, सूचनाको सङ्कलन, अद्यावधिक, विश्लेषण एवं प्रवाह गर्ने, प्रतिकार्यका लागि खोज तथा उद्धार टोली र सुरक्षा निकायको परिचालन गर्ने, खोज तथा उद्धारमा संलग्न निकायहरूका विद्यमान जनशक्ति, औजार, उपकरण र अन्य स्रोत साधनहरूको अभिलेखीकरण एवं विश्लेषण गर्ने, भावी प्रतिकार्य योजना तर्जुमा गर्ने, विषयगत क्षेत्रलाई परिचालन (Cluster Activation) गराउने, समय र मौसम अनुसार आउने तथा आउन सक्ने प्रकोप र विपद्का घटनाका सम्बन्धमा आपतकालीन अवस्थामा गर्नुपर्ने तयारी र प्रतिकार्यका विषयमा मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

यस वर्ष पनि जेठ ३१ गतेबाट सुरु भई असोज २८ मा बाहिरिएको मनसुन अवधिमा घटेका मनसुनजन्य घटनाका सूचनाको संकलन, खोज तथा उद्धार र राहत वितरणका तथ्याङ्कको विश्लेषण सहित "मनसुनजन्य विपद् घटनासहितको प्रतिवेदन, २०८०" तयार गरिएको छ। यस प्रतिवेदन तयारीका क्रममा आवश्यक विवरणहरू उपलब्ध गराउनुहुने सम्पूर्ण मन्त्रालय/निकाय/कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा यस प्रतिवेदन तयारीमा संलग्न विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा प्रमुखसहित सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै यस प्रतिवेदन विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील सम्पूर्ण सरोकारवालाहरूको लागि उपयोगी हुने समेत अपेक्षा लिएको छु।

...........................
(स्किम श्रेष्ठ)
सह-सचिव
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा

## कार्यकारी सारांशः

निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेको मुलुकहरुमध्ये नेपाल पनि एक हो। हरेक बर्ष वाढी, पहिरो, आगलागी, चट्याङ, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्ले ठुलो धनजनको क्षति हुने गरेको छ।कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, जलवायु अनुकूलित र उत्थानशील विकास हुन नसक्दा यस वर्ष पनि मनसुन अवधिभर (जेठ ३१ गतेबाट शुरु भई असोज २८ मा बाहिरिएको) विपद्जन्य घटनाहरूबाट ठूलो मात्रामा मानवीय, आर्थिक, भौतिक तथा पशुपन्छीको नोक्सानी बेहोर्नु परेको छ।

मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण, विपद्पश्चात्को प्रतिकार्य, पुनर्स्थापनालगायतका कामका लागि संघ, प्रदेश र स्थानीय तहलाई उत्तिकै जिम्मेवार बनाइएको छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को व्यवस्था अनुरूप विपद् व्यवस्थापनमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ साथै आगामी दिनमा विपद् व्यवस्थापन सम्बन्धमा तीनै तहका सरकारहरुबीच समन्वय र सहकार्य गरी अगाडी बढ्नुपर्ने देखिन्छ। साथै विपद्को प्रकृति मात्रा र त्यसबाट उत्पन्न परिस्थितिको सामाना गर्नका लागि स्पष्ट दिशा निर्देशन तथा प्रभावकारी प्रतिकार्यको व्यवस्था गर्नु आवश्यक हुन्छ ।

मनसुन अवधिमा ५९३७ घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगे भने ६३ जनाले ज्यान गुमाए। यस बर्षको मनसुनमा संखुवासभाका बासिन्दाले सबैभन्दा धेरै मानवीय क्षति बेहोर्नुपर्‍यो । यसैगरी मनसुन अवधिमा मनसुनजन्य घटनाबाहेक अन्य विपद्का ९८३ वटा घटनाबाट १५७२ घरपरिवार प्रभावित भए भने करिव रु.४५ करोड ६० लाख भन्दा बढीको क्षति हुन पुग्यो । यस प्रतिवेदनमा नेपालको भौगोलिक अवस्था, २०८० को मनसुन अवधिमा भएका विपद्जन्य घटनाको विवरण, गृह मन्त्रालय एवं अन्य विषयगत निकायको भूमिका, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनामा भएको प्रयास, विगत ५ बर्षमा मनसुनबाट भएको क्षतिको तुलनात्मक विवरण, समस्या तथा चुनौती एवं आगामी कार्यदिशा लगायतका विषयलाई संक्षिप्तमा उल्लेख गरिएको छ।



Province No. 7
Sudurpaschim
Province No. 6
Karnali
Province No. 4
Gandaki
Province No. 3
Bagmati
Province No.1
Koshi
Province No. 5
Lumbini
Province No. 2
Madhesh
मानवीय सहायता स्थल
प्रादेशिक गोदामघर

# विषय-सूची


१. पृष्ठभूमि.....................................................................................१

२. नेपालको भौगोलिक अवस्था.........................................................१

३. मनसुनजन्य विपद् व्यवस्थापनमा विषयगत निकायको भूमिका तथा पूर्वतयारीमा भएका प्रयासहरू...... २

क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समिति ................. २

ख) गृह मन्त्रालय....................................................................................३

ग) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ..................................... ५

घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा (NEOC)................................................... ७

ङ) अन्य निकाय........................................................................................ ८

च) मनसुनजन्य विपद् जोखिम क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी............................. ८

४) पुननिर्माण तथा पुनर्स्थापनाका प्रयास.............................................................. ९

५) मनसुनजन्य विपद् घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरण...................................... ९

क) मनसुनजन्य विपद्का घटनाबाट भएको क्षतिको विवरण..................................................१०

१. मानवीय क्षतिको विवरणः ...........................................................................१०

२. भौतिक संरचना क्षतिको विवरणः......................................................................११

३. विगत ५ वर्षमा बाढी, पहिरो र अविरल वर्षाबाट सबैभन्दा बढी प्रभावित जिल्लाहरूको विवरण.......११

ख) अन्य विपद्जन्य घटनाहरूबाट भएको क्षतिको विवरणः..............................................१२

ग) मनसुन अवधिमा विभिन्न जिल्लाहरूमा पठाइएको राहत सामग्रीहरूको विवरणः.........................१३

घ) विगत ५ वर्षमा मनसुनबाट भएको मानवीय क्षतिको तुलनात्मक विवरणः...............................१३

ङ) मनसुन अवधिमा मनसुनजन्य घटनाहरुबाट भएको क्षतिको प्रदेश अनुसारको विवरण................. १४

६) समस्या र चुनौतीः-....................................................................................१५

७) आगामी मार्गदर्शन.....................................................................................१६

८) अनुसूचीहरु...........................................................................................१८

अनुसूची १ ...............................................................................................१८

अनुसूची २ ............................................................................................... २४

अनुसूची ३ ...............................................................................................३०

## १. पृष्ठभूमि

निरन्तर दोहोरिरहने बहुप्रकोपका घटनाहरूबाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेका मुलुकमध्ये नेपाल पनि एक हो। मुलुकको विषम् भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ्ग, खडेरी, हिमपात, असिना, हुरी-बतास, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, शीतलहर, डढेलोलगायतका प्राकृतिक प्रकोपहरूबाट प्रभावित छ। यसैगरी नेपाल सडक दुर्घटना, महामारी, आगलागी, वातावरणीय प्रदूषण, भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटनाजस्ता गैरप्राकृतिक जोखिमबाट पनि प्रभावित छ। नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वमा ११ औं स्थानमा, बाढी पहिरोको जोखिमका हिसाबले ३० औं स्थानमा रहेको छ। मनसुनजन्य तथा अन्य विपद्का घटनाबाट नेपालमा वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ।

नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीमा समावेश गरेको छ। सोही बमोजिम संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ। मनसुन तथा अन्य विपद्जन्य जोखिमबाट मानवीय तथा भौतिक संरचना, सार्वजनिक, निजी एवं व्यक्तिगत सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ कार्यान्वयनमा छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा भएको व्यवस्थाबमोजिम विपद् व्यवस्थापनका सम्बन्धमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निभाउदै आएको छ ।

## २. नेपालको भौगोलिक अवस्था

नेपाल दक्षिण एशियामा अवस्थित भू-परिवेष्ठित मुलुक हो । समुद्री सतहबाट करिब १,१२७ कि.मि. टाढा एवं दक्षिण एशियाका दुई ठूला मुलुक भारत र चीनको बीचमा अवस्थित नेपालको कूल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. रहेको छ। नेपाल २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको पूर्व पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई औसत करिब १९३ कि.मि. रहेको छ। नेपालले विश्वको कूल भूभागको ०.०३ प्रतिशत, एशियाको ०.३ प्रतिशत र दक्षिण एसियाको २.८२ प्रतिशत भूभाग ओगटेको छ। यसको पूर्व, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीन पर्दछ। नेपालको प्रामाणिक समय दोलखा जिल्लामा पर्ने गौरीशंकर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानिएको छ भने समय ग्रीनवीच मानक समयभन्दा ५ घण्टा ४५ मिनेट छिटो रहेको छ।

विश्वमा ब्राजिलपछिको जलस्रोतको धनी देशका रूपमा चिनिने नेपालमा ६००० (छ हजार) भन्दा बढी नदीनाला रहेका छन्। विश्वका ८००० (आठ हजार) मिटरभन्दा उच्च १४ वटा हिमालमध्ये

८ वटा हिमाल नेपालमै पर्दछन्। हिमालय क्षेत्रका साथसाथै कोशी, गण्डकी, कर्णाली लगायत ठूला नदीहरू र रारा, फेवा, गोसाइँकुण्ड जस्ता सुन्दर ताल नेपालमै पर्दछन्। भू-स्वरुपको विभिन्नताले गर्दा उष्ण (Tropical), उपोष्ण (Mesenterial), सूक्ष्म तापीय (Micro Thermal), टुण्ड्रालगायतका जलवायुको विविधता पनि नेपालमा रहेको छ। हिमाल, पहाड र तराईमा फरक फरक प्रकारको हावापानी, वनजङ्गल पाइनुका साथै मौसम अनुसारका फलफूल तथा अन्नबाली समेत यहाँ उब्जने गर्छन्। मनसुनको समयमा हुने अधिक वर्षाका कारण ८००० मिटर अग्ला हिमालयको हाराहारीबाट ७० मिटर तराईको फाँटमा पानी बग्दा नदीको धार तीव्र हुने र यस तीव्रताले वर्षाको समयमा अतिवृष्टि भई बाढी पहिरो जाने, डुबान हुने, हिउँदको समयमा अल्पवृष्टि, अनावृष्टि भई खडेरी पर्ने, उत्पादन न्यून हुनेजस्ता जोखिम नेपालले बेहोर्दै आएको छ। सतही ढुङ्गाले शिवालिक क्षेत्रको पर्वतीय भूभागलाई नियन्त्रण गरेको छ। यो श्रृङ्खला कमजोर र अस्थिर छ। शिवालिक क्षेत्रको दक्षिणमा एउटा लामो पेटी पूर्वदेखि पश्चिम सम्म फैलिएको र यो क्षेत्र बालुवा, कङ्कड, ढुङ्गा र खुकुला खस्रा पदार्थले बनेको कारणले नेपाल भौगर्भिक हिसाबले पनि अति संवेदनशील मुलुकमा पर्दछ।

## ३. मनसुनजन्य विपद् व्यवस्थापनमा विषयगत निकायको भूमिका तथा पूर्वतयारीमा भएका प्रयासहरू

विपद् व्यवस्थापन बहुक्षेत्रगत विषय भएको हुँदा यसलाई बहुपक्षीयबाट संबोधन हुन जरूरी छ। विपद् व्यवस्थापनमा सम्बन्धमा विषयगत मन्त्रालय तथा निकायले गर्दै आएका कार्यलाई संक्षिप्त रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समिति

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको व्यवस्था गरिएको छ :-

### १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्

विपद् व्यवस्थापनसँग सम्बन्धित कामलाई प्रभावकारीरूपले सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को व्यवस्था गरिएको छ ।

### २. कार्यकारी समिति

परिषद्बाट स्वीकृत नीति योजना कार्यान्वयन गर्ने गराउने कामका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको व्यवस्था गरिएको छ। २०८० साल वैशाख १ गतेदेखि असोज २८ गतेसम्म कार्यकारी समितिबाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरूको छायाँप्रति अनुसूची ३ मा राखिएको छ ।

### ३. प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मागर्दशन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनको लागि प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् रहने प्रावधान रहेको छ । र प्रत्येक प्रदेशमा विपद् व्यवस्थापन गर्नको लागि प्रदेश सरकारले आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गर्नसक्ने व्यवस्था गरिएको छ ।

### ४. जिल्ला विपद् व्यवस्थापन समिति

जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ।

### ५. स्थानीय विपद् व्यवस्थापन समिति

प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र (१५) जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था गरिएको छ।

## ख) गृह मन्त्रालय

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ को नियम ५ को उपनियम (८) को बुँदा नं १८ र १९ मा विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन तथा राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक कोषमा सहयोग र समन्वय गर्ने काम गृह मन्त्रालयको हुने भनी उल्लेख गरिएको छ। सोही बमोजिम विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी नेतृत्वदायी भूमिका गृह मन्त्रालयले निर्वाह गर्दै आएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिले सम्भावित मनसुनजन्य विपद् तथा अन्य प्राकृतिक/गैरप्राकृतिक विपद् व्यवस्थापन सम्बन्धमा बैठक बसी सम्भावित विपद् व्यवस्थापनका लागि आवश्यक निर्णय गर्ने, कार्यान्वयनका लागि मन्त्रालयमार्फत निर्देशन दिने, विपद् सम्बन्धी ऐन तथा कानून परिमार्जन गर्दै आएको छ । विपद् व्यवस्थापन सम्बन्धी गृह मन्त्रालयले गर्दै आएका कार्यलाई संक्षिप्त रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने ।
- मन्त्रालयको नेतृत्वदायी भूमिकामा नेपाल विपद् प्रतिवेदन प्रकाशन गर्नका लागि आवश्यक तयारी गर्ने ।

- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन तथा सोको प्रगति प्रतिवेदन तयार गर्ने।
- राष्ट्रिय बन्दोबस्ती क्षेत्र (Logistics Cluster) को नेतृत्व, समन्वय र बैठक सञ्चालन गर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृनिकाय, सहयोगी संघसंस्थाहरूसँग समन्वय गरी स्रोत साधन परिचालन गर्ने।
- मानवीय सहायतास्थल स्थापना र सञ्चालन गर्ने।
- मौसमी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयारी एवं कार्यान्वयन गर्ने गराउने।
- जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी-पहिरो, डुबानलगायत विपद्का घटना, मौसम पूर्वानुमान तथा पूर्वसूचना प्राप्ति तथा विश्लेषण गरी सूचना प्रवाह गर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवालाहरूसँग खोज, उद्धार तथा राहतमा समन्वय र सहजीकरण गर्ने ।

यसरी गृह मन्त्रालयले विगतका अनुभव समेतका आधारमा सरोकारवाला निकायहरूसँग छलफल, प्राविधिक विश्लेषण, सम्भावित जोखिम आँकलन र विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि नेपाली सेना, नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल नेपाललाई विपद्को समयमा उपयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने, आवश्यक सूचना सञ्चार परिपत्र निर्देशन जारी गर्ने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा भएको प्रावधान बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् तथा कार्यकारी समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने काम गरिरहेको छ ।

## विपद् व्यवस्थापनमा संलग्न गृह मन्त्रालय अन्तर्गतको संगठनात्मक संरचना



## ग) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० को व्यवस्थानुसार गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो। उक्त ऐन बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- परिषद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने, गराउने।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने।
- नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भू-मण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने।
- प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने।
- विपद् व्यवस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूको कार्यमा समन्वय एवं सहजीकरण गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी  खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने।
- विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने।
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने।
- विपद्का घटनापश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने।
- विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने।
- राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने।
- नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने।

- सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभूत अभिमुखीकरण तालिमको विषय र मापदण्ड तोक्ने।
- विपद् व्यवस्थापनका सम्बन्धमा संघ, प्रदेश र स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरुस्त राख्न लगाउने।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने।
- विपद् जोखिम न्यूनीकरणको लागि भू-विज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरूको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने, गराउने।
- विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ स्क्वाड गठन गर्ने।
- विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक व्युरो गठन गर्ने।
- विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समुदाय एवम् स्वयंसेवकहरू परिचालन गर्ने, गराउने।
- विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने, गराउने।
- विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने।
- विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने, गराउने।
- विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी कार्यकारी समितिसमक्ष प्रतिवेदन पेश गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

## घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा (NEOC)

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा अन्तर्गतको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाबाट संचालित राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र (NEOC) ले विपद् व्यवस्थापन सम्बन्धमा गर्दै आएका प्रमुख कार्यहरू देहायबमोजिम छन् :

- विपद् प्रतिकार्यको लागि राष्ट्रिय तहमा सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति र गृह मन्त्रालयका निर्णयहरूको कार्यान्वयन गर्ने।
- प्रतिकार्यमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहहरू बीच समन्वय गर्ने।
- मानवीय सहायतासम्बन्धी कार्यको लागि नेतृत्व तथा समन्वय गर्ने निकायका रूपमा कार्य गर्ने।
- सरोकारवाला निकायहरूबाट विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने।
- सरकारका सबै तहका निकायहरूको विपद् पूर्वतयारी, योजना तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने।
- विभिन्न सरकारी निकाय तथा गैर सरकारी क्षेत्रबाट संचालन गरिने विषयगत क्षेत्रका कार्य तथा शीघ्र पुनर्लाभका क्रियाकलापहरु कार्यान्वयनका लागि समन्वय गर्ने।
- विपद् जोखिमको सूचना तथा पूर्वचेतावनी दिने, जोखिमको अवस्था टरेको जानकारी दिने तथा विपद् पूर्वसूचना प्रणालीको समन्वय गर्ने।
- विपद्का घटना तथा क्षतिको विवरण सङ्कलन, विश्लेषण तथा अद्यावधिक गर्ने र विपद्को वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, यी विवरणलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट खण्डीकृत बनाउने।
- विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका लागि विभिन्न सरोकारवाला निकायहरूसँग घटना अभ्यास नमूना कार्यक्रमको संयोजन तथा सञ्चालन गर्ने।
- आपतकालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण एवं सबलीकरणका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने।
- विपद्का घटना र क्षतिको तथ्याङ्क संकलन तथा प्रवाह गर्ने आधिकारिक निकाय हुने भएकोले विपद् पूर्वतयारी तथा प्रतिकार्यको विवरण नियमितरूपमा सार्वजनिक गर्ने।
- सबै जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्जाल स्थापना गरी तिनको व्यवस्थापन गर्ने।

- विपद्सम्बन्धी सूचना, जानकारीमूलक सामग्री र पूर्व चेतावनी दिन सकिने कार्यको समन्वय गर्ने।
- विपद्बाट भएको प्रभाव र क्षतिको प्रारम्भिक द्रुत लेखाजोखा, बहुक्षेत्रगत द्रुत लेखाजोखा र क्षेत्रगत विस्तृत लेखाजोखा गरी प्रतिकार्यका लागि आवश्यक साधन स्रोतको पहिचान गर्न सघाउने।
- आपत्कालीन क्षेत्रीय भण्डारण गृहहरूको सञ्चालन व्यवस्था प्रभावकारी बनाउनका लागि राष्ट्रिय तहमा आवश्यक समन्वय गर्ने।
- राहत तथा उद्धार सामग्रीहरूको केन्द्रीय अभिलेख तयार गरी नियमितरूपमा अद्यावधिक गर्ने।

## ङ)अन्य निकाय

नेपालको संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा राखेको छ । विपद् व्यवस्थापनमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गरेको भएतापनि कुनै एक मन्त्रालय वा निकायको प्रयासमा विपद् व्यवस्थापन सम्भव नहुने भएकाले तिनै तहका सरकार, विषयगत मन्त्रालय तथा अन्य सरोकारवाला निकायको संयुक्त प्रयासका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता हुन्छ । संघ, प्रदेश र स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद् जोखिम न्यूनीकरण तथा रोकथामका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरेका छन। साथै गैरसरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्र संघीय निकाय र स्थानीय सामुदायिक संस्थाहरूको समेत आपत्कालीन व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका रहेको छ।

## च) मनसुनजन्य विपद् जोखिम क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी

मनसुन अवधिमा हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण तथा रोकथामका लागि भएका पूर्वतयारीका प्रयासहरू संक्षिप्त रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८० तयार गरी कार्यान्वयनमा ल्याइएको।
- उल्लेखित कार्ययोजना अनुरुप प्रदेश, जिल्ला र स्थानीयतहमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार भई कार्यान्वयनमा आएको ।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि विभिन्न विषयगत क्षेत्रका नेतृत्व/सह-नेतृत्वको सहभागितामा बैठक बसी विपद् जोखिम न्यूनीकरण विषयको Contingency Plan तर्जुमा भई निर्णय कार्यान्वयन भएको।

- मनसुनजन्य सम्भावित विपद् सम्बन्धी पूर्व सूचना विभिन्न माध्यमबाट (Facebook, Twitter, SMS, परिपत्र) जिल्ला प्रशासन तथा स्थानीय तहमार्फत समुदाय स्तरमा पुऱ्याइ सचेत गराइएको।
- मनसुन अवधिभरका लागि गृह मन्त्रालयको संयोजकत्वमा विषयगत निकायका प्रतिनिधि सदस्य रहने गरी मनसुन प्रतिकार्य कमाण्ड टोली माननीय उप-प्रधानमन्त्री एवं गृहमन्त्रीको मिति २०८०।०३।०५ को निर्णयानुसार गठन भई कार्य सञ्चालन भएको।
- जिल्ला तथा स्थानीय स्तरबाट प्राप्त विपद् सम्बन्धी घटना तत्काल सम्बोधनका लागि सरोकारवालालाई सूचना प्रवाह गर्ने व्यवस्था गरिएको।
- विपद्को समयमा आवश्यक पर्ने राहत तथा बन्दोबस्तीका सामाग्री पहुँच योग्य मानवीय सहायता स्थल, प्रदेश गोदाम घर र जिल्ला विपद् व्यवस्थापन समितिमा भण्डारण गरिएको।
- विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय परिषद् तथा कार्यकारी समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गरिएको।
- मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक राहत सामग्रीको व्यवस्था गर्न र विपद् प्रतिकार्यका लागि सबै जिल्ला प्रशासन कार्यालयहरूलाई तयारी अवस्थामा रहन समय समयमा निर्देशन दिने गरिएको।

## ४) पुनर्निर्माण तथा पुनर्स्थापनाका प्रयास

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मन्त्रालयको निर्देशन र समन्वयमा विपद् जोखिम पूर्वतयारीका लागि अध्ययन, अनुसन्धान, क्षमता विकास र विपद् पश्चात् पुनर्निर्माण एवं पुनर्स्थापनाको कार्य गर्दै आइरहेको छ।

## ५) मनसुनजन्य विपद् घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरण

यस वर्ष मनसुन अवधिमा मनसुनजन्य विपद् घटनाबाट ५,९३७ घरपरिवार प्रत्यक्ष प्रभावित भए भने ६३ जनाले ज्यान गुमाएका छन् ।मनसुन अवधिमा भएको क्षतिको विवरणलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## क) मनसुनजन्य विपद्का घटनाबाट भएको क्षतिको विवरण

यस वर्ष जेष्ठ ३१ गतेबाट शुरु भएको मनसुनका कारण गएको बाढी, पहिरो, अविरल बर्षाबाट नेपालले ठूलो धनजनको क्षति बेहोरेको छ । उक्त मानवीय र भौतिक क्षतिलाई देहायबमोजिम उल्लेख गरिएको छ ।

### १. मानवीय क्षतिको विवरण:

यस वर्ष मनसुन अवधिमा मनसुनजन्य घटना मध्ये पहिरोबाट सबैभन्दा बढी ४५९ घटना संख्या भई ४५ जनाले ज्यान गुमाए भने १,९४८ परिवार प्रत्यक्ष प्रभावित भएको देखिन्छ। मनसुनजन्य घटनाबाट भएका मानवीय क्षतिको विवरण तलको तालिका तथा स्तम्भ चित्रमा उल्लेख गरिएको छ ।

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाईते | प्रभावित परिवार |
|---|---|---|---|---|---|---|
| १ | बाढी | १४२ | १६ | २१ | ७ | ३,७२६ |
| २ | पहिरो | ४५९ | ४५ | ९ | ५० | १,९४८ |
| ३ | अबिरल वर्षा | १६८ | २ | ० | १२ | २६३ |
| जम्मा | | ७६९ | ६३ | ३० | ६९ | ५,९३७ |

स्रोत: http://drrportal.gov.np




**मानवीय क्षतिको जिल्लागत विवरण अनुसूची १ मा राखिएको छ**

## २. भौतिक संरचना क्षतिको विवरणः

मनसुनजन्य विपद् घटनाबाट भएको क्षतिलाई तलको तालिकामा उल्लेख गरिएको छः

| घर क्षति | | सरकारी कार्यालय | सामुदायिक भवन | पुल | | हाईड्रो पावर |
|---|---|---|---|---|---|---|
| आंशिक | पूर्ण | | | झोलुङ्गे | पक्की | |
| ७११ | २४२ | ९ | ६ | २६ | १५ | २७ |

स्रोतः http://drrportal.gov.np

**भौतिक क्षतिको विवरण अनुसूची १ मा राखिएको छ ।**

## ३. विगत ५ वर्षमा बाढी, पहिरो र अविरल वर्षाबाट मानवीय क्षतिको आधारमा सबैभन्दा बढी प्रभावित जिल्लाहरूको विवरण

| सि.नं. | मिति/अवधि | प्रभावित जिल्ला | घटना संख्या | मृत्यु | बेपत्ता | घाईते | प्रभावित परिवार |
|---|---|---|---|---|---|---|---|
| १ | २०७६ | गुल्मी | ७ | १४ | ० | ७ | ७ |
| २ | २०७७ | सिन्धुपाल्चोक | २३ | ७२ | ३९ | २५ | १३६ |
| ३ | २०७८ | सिन्धुपाल्चोक | ११ | ५ | २० | ६ | ४८ |
| | | पर्वत | ११ | १३ | १ | २ | १२ |
| ४ | २०७९ | कालिकोट | २५ | ८ | १६ | १७ | १९७ |
| | | अछाम | ९ | २५ | १ | १२ | ९ |
| ५ | २०८० | संखुवासभा | २९ | ३ | १९ | ४ | ५५ |
| **जम्मा** | | | **११५** | **१४०** | **९६** | **७३** | **४६४** |



### ख) अन्य विपद्जन्य घटनाहरूबाट भएको क्षतिको विवरणः

यस वर्षको मनसुन अवधिमा मनसुनजन्य घटना बाहेक अन्य घटनाबाट १,५७२ परिवार प्रभावित भए भने ८५ ले ज्यान गुमाएको देखिन्छ। अन्य विपद्जन्य घटनाबाट भएको क्षतिको विवरण संक्षिप्त रूपमा तलको तालिकमा प्रस्तुत गरिएको छ ।

### मिति २०८० जेठ ३१ गतेदेखि असोज २८ गते सम्म मनसुनजन्य घटनाहरू बाहेक अन्य विपद्जन्य घटनाहरूबाट भएको क्षतिको विवरण

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षती | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | चटयाङ्ग | १२२ | २९ | ० | ९९ | १९१ | ९ | २ | १ | २३२ | ३०,६२,००० |
| २ | सर्पदंश | ३२ | १९ | ० | १६ | ३३ | ० | ० | | ० | ० |
| ३ | जनावर आतङ्क | ११४ | १३ | ० | ८८ | १९८ | २९ | २ | ० | ८२ | ५०,०२,२०० |
| ४ | आगलागी | ६०६ | ११ | ० | ८६ | ७०३ | ९९ | १२१ | १४१ | २८३ | ४४,३९,२०,३५२ |
| ५ | लेक लाग्नु | २६ | ६ | ० | २४ | २९ | ० | ० | ० | ० | ० |
| ६ | अन्य | ७ | ५ | ० | १ | ५ | ० | ० | ० | ० | ० |
| ७ | भुकम्प | ५३ | १ | ० | २६ | २४१ | १६३ | ५३ | ० | ० | ० |
| ८ | हावा-हुरी | १५ | १ | ० | १ | १६९ | ४ | १ | ० | ३ | ४८,२१,४०० |
| ९ | हिऊँपहिरो | ३ | ० | ० | ३ | ३ | ० | ० | ० | ० | ० |
| १० | जङ्गल आगलागी | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ९८३ | ८५ | ० | ३४४ | १,५७२ | ३०४ | १७९ | १४२ | ६०० | ४५,६८,०५,९५२ |

स्रोत: http://drrportal.gov.np

## ग) मनसुन अवधिमा विभिन्न जिल्लाहरूमा पठाइएको राहत सामग्रीहरूको विवरणः

मनसुन अवधिभर विपद् घटनाबाट प्रभावितहरूलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको मागबमोजिम गृह मन्त्रालयको स्वीकृतिमा तत्काल राहत तथा आपत्कालीन बन्दोबस्तीका सामग्रीहरू उपलब्ध गराईएको छ। २०८० सालको मनसुन अवधिमा **संखुवासभा** जिल्ला सबैभन्दा धेरै प्रभावित भएको छ। मनसुन अवधिमा विभिन्न जिल्लाहरूमा पठाईएको राहत सामग्रीहरूको विवरण तपसिलबमोजिम उल्लेख गरिएको छः

**तपसिलः-**

| सि.नं. | जिल्ला | त्रिपाल | ब्ल्याङ्केट | चाईनिज टेन्ट | मोटरबोट | डोरी (मिटर) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १०० | १०० | ७ | - | - | |
